# संघीय संसद
# प्रतिनिधि सभा
चौथो अधिवेशन
## बैठक संख्या - १३

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल जेठ ८ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा बिहान ११:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै राष्ट्रिय जनता पार्टी नेपालका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री प्रमोद साहलाई समय दिनुहुँदा उहाँले सभामुखबाट पटक पटक सरकारको ध्यानाकर्षण भैसक्दा पनि मधेश आन्दोलनको सम्बन्धमा बनेको लाल आयोगको प्रतिवेदन हालसम्म सरकारले सार्वजनिक नगरेको, मधेशको मुद्दा समाधानका सम्बन्धमा सहयोग नगरेको भनी ध्यानाकर्षण गराउनु भयो ।

तदुपरान्त मा० श्री पुष्पा भुसाल (गौतम)ले पत्रकार जगतलाई नियन्त्रण र निषेध गर्न खोजेको, विश्व जगतमै स्वीकार गरिएको प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रतामाथि प्रहार गर्न सदनमा दर्ता गरिएको मिडिया काउन्सिल विधेयक फिर्ता लिन माग गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले मा० सदस्यहरुले समसामयिक विषयमा उठाउनु भएको विषयप्रति सरकारको ध्यानाकर्षण भएकै हुनुपर्छ भन्नुभयो ।

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री भरत कुमार शाह
२. मा० श्री महेन्द्र कुमारी लिम्बु
३. मा० श्री महेश बस्नेत
४. मा० श्री मिन बहादुर विश्वकर्मा
५. मा० श्री मिना सुब्बा
६. मा० श्री यशोदा गुरुङ सुवेदी
७. मा० श्री रानी मण्डल
८. मा० श्री रेखा कुमारी
९. मा० श्री लक्ष्मी कुमारी चौधरी

तदुपरान्त सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात "राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री भरत कुमार शाह
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री दिव्यमणि राजभण्डारी
४. मा० श्री रामकुमारी झाँक्री
५. मा० श्री राजेन्द्र कुमार के.सी.
६. मा० श्री उमा रेग्मी
७. मा० श्री पुष्पा भुसाल (गौतम)
८. मा० श्री प्रमोद साह

त्यसपछि सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० गृह मन्त्री श्री रामबहादुर थापाले "प्रहरी समायोजन विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि "प्रहरी समायोजन विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री कृष्णभक्त पोखेल
२. मा० श्री दिलेन्द्र प्रसाद बडू
३. मा० श्री जनार्दन शर्मा
४. मा० श्री प्रेम सुवाल
५. मा० श्री मीना पाण्डे
६. मा० श्री देवेन्द्र राज कंडेल

तदुपरान्त मा० गृह मन्त्री श्री रामबहादुर थापाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "प्रहरी समायोजन विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवले "औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (पहिलो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त "औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (पहिलो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री दिव्यमणि राजभण्डारी
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री देवप्रसाद गुरुङ
४. मा० श्री रामबिर मानन्धर
५. मा० श्री मुकुन्द न्यौपाने

तत्पश्चात मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (पहिलो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवले "औद्योगिक व्यवसाय विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात "औद्योगिक व्यवसाय विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा मा० श्री प्रेम सुवाल र मा० श्री गंगा चौधरी (सत्गौवा)ले भाग लिनुभयो ।

त्यसपछि मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "औद्योगिक व्यवसाय विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री थममाया थापाले "ज्येष्ठ नागरिक (पहिलो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि "ज्येष्ठ नागरिक (पहिलो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री उमा रेग्मी
२. मा० श्री पुष्पा भुसाल (गौतम)
३. मा० श्री दिव्यमणि राजभण्डारी
४. मा० श्री प्रेम सुवाल
५. मा० श्री घनश्याम खतिवडा
६. मा० श्री मीना पाण्डे

तदुपरान्त मा० महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री थममाया थापाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "ज्येष्ठ नागरिक (पहिलो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले आजको दैनिक कार्यसूचीको क्रमसंख्या ५ मा रहेको कार्यक्रम सूचीबाट हटाईएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तत्पश्चात मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री गोकुलप्रसाद बाँस्कोटाले "विज्ञापन (नियमन गर्ने) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि "विज्ञापन (नियमन गर्ने) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री रामकुमारी झाँक्री
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री दिव्यमणि राजभण्डारी
४. मा० श्री बहादुर सिंह लामा (तामाङ)
५. मा० श्री रेखा कुमारी
६. मा० श्री शान्ता चौधरी

तदुपरान्त मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री गोकुलप्रसाद बाँस्कोटाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "विज्ञापन (नियमन गर्ने) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर बैठक २०७६ साल जेठ १३ गते सोमबार बिहान ११:०० बजे बस्नेगरी दिनको २:३५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव